annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २५, अंक ११३, पृष्ठ ८ | काठमाडौं, शुक्रबार ५ [illegible] | FRIDAY, AUGUST 21, 2026 | मूल्य : रु. १०

चिनी, चामल र तेलको मूल्यमा झेल, अनुगमनमा सरकारी बेमेल

एकातिर ग्यासको अभाव, अर्कोतिर चामल, दाल, खानेतेल र तरकारीको मूल्य छोइनसक्नु। दुईतिहाइको बलियो सरकारले पनि महँगी नियन्त्रण र कालोबजारीविरुद्ध प्रभावकारी कदम नचाल्दा सर्वसाधारण दोहोरो मारमा छन्। चाडबाड सुरु नहुँदै बजारमा चरम महँगी बढ्दा सर्वसाधारण त्रासमा छन्।

भवनाथ प्याकुरेल | *काठमाडौं*

समाचार पृष्ठ २



टिप्पणी

सरकारको लाचारीले मूल्यवृद्धि

माधव तिमल्सिना
अध्यक्ष, उपभोक्ता अधिकार अनुसन्धान मञ्च

पछिल्लो समय नेपाली बजारमा सर्वसाधारणले दैनिक उपभोग गर्ने अत्यावश्यक वस्तुहरू- दाल, चामल, तरकारी, फलफूल, माछामासु, र चिनीलगायतका खाद्यान्नको मूल्य अस्वाभाविक र अनियन्त्रित रूपमा बढेको छ। सर्वसाधारण उपभोक्ता बिहान बजार गएर बेलुका घर फर्किँदा 'म लुटिएँ, म ठगिएँ' भन्ने निराश अनुभूति गर्न बाध्य छन्। आखिर बजारमा यस्तो अराजकता किन फैलिरहेको छ? र सरकार कहाँ चुकेको छ?

नेपाल सरकारका तर्फबाट बजारमा नियमित रूपमा हुनुपर्ने अनुगमन र नियमन अत्यन्त फितलो र कमजोर छ। अनुगमन प्रणाली केवल संसदीय समिति, अख्तियार, वा नयाँ मन्त्री आएका बेला मिडियामा देखिनका लागि गरिने स्टन्ट वा 'स्टन्टबाजी'मा सीमित भएको छ। अनुगमनलाई संख्यात्मक रूपमा बढाएर मात्र हुँदैन, यसलाई गुणात्मक र प्रभावकारी बनाउनुपर्छ। संविधान २०७२ को धारा ४४ ले प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा प्राप्त गर्ने मौलिक हकको प्रत्याभूति गरेको छ। साथै, उपभोक्ता संरक्षण ऐन २०७५ ले उपभोक्ता अधिकार रक्षाका लागि विभिन्न व्यवस्था गरे पनि यी ऐन-कानुनहरू पूर्णरूपमा कार्यान्वयन हुन सकेका छैनन्।

बजारमा बिचौलियाहरू यसरी हाबी भएका छन् कि उनीहरूले उपभोक्ताको अनुहार हेरेर मूल्य तोक्ने काम गरिरहेका छन्। न सरकारसँग स्पष्ट आपूर्ति नीति छ, न बजार नीति, न त उपभोक्ता संरक्षण नीति नै। उदाहरणीय रूपमा चिनीको मुद्दालाई हेरौं-बजारमा व्यापारीहरूले सरकारसँग निश्चित मूल्यमा चिनी उपलब्ध गराउने सम्झौता गर्छन्, तर केही समयमै चिनीको मूल्य प्रतिकेजी १२० रुपैयाँभन्दा बढी पुऱ्याइन्छ। एलपीजी ग्याँस र पेट्रोलियम पदार्थमा उपभोक्ताहरू घन्टौं लाइन बस्नुपर्ने बाध्यता छ। अहिले न त कुनै अन्तर्राष्ट्रिय कारणले मूल्य बढेको छ, न त कुनै प्राकृतिक विपद् नै आएको छ। यो पूर्णतः कृत्रिम र अस्वाभाविक मूल्यवृद्धि हो। एकातिर किसानले आफ्नो उत्पादनको उचित मूल्य पाएका छैनन् भने अर्कोतिर उपभोक्ताले दोब्बर-तेब्बर मूल्य तिर्नुपरेको छ।

संघीयता लागू भइसकेपछि संघ, प्रदेश र स्थानीय सरकार तीनै तहले बजार नियन्त्रण र अनुगमनमा समन्वयकारी भूमिका खेल्नुपर्ने थियो। तर, व्यावहारिक रूपमा हेर्दा प्रदेश र स्थानीय सरकारको भूमिका शून्यप्रायः देखिन्छ। स्थानीय तहहरूले आफ्ना क्षेत्रमा हाटबजार सञ्चालन गर्ने, कृषिउपजको मूल्य तोक्ने र अनुगमन गर्ने काममा पूर्णरूपमा बेवास्ता गरेका छन्। तीनै तहका सरकारको यस्तै कमजोरीका कारण बिचौलियाहरूले उन्मुक्ति पाएका हुन्।

संविधानको धारा ४४ (२) ले क्षतिपूर्तिको हकको व्यवस्था गरेको छ, जसका लागि उपभोक्ता अदालतको परिकल्पना गरिएको छ। विगतमा सातै प्रदेशमा उपभोक्ता अदालत गठन गर्ने भनिए पनि हाल काठमाडौं, भक्तपुर र ललितपुरलाई मात्र समेटेर एउटा अदालत गठन गरिएको छ। तर, यसको प्रभावकारिता शून्य सरह छ। सर्वसाधारणका साना-साना मुद्दाहरू जस्तैः धारामा पानी नआएर पनि महसुल तिर्नुपर्ने, बिजुलीको भोल्टेजका कारण इनभर्टर वा टिभी बिग्रिएर क्षति हुने, वा खान अयोग्य वस्तु बिक्री गरिने जस्ता विषयमा क्षतिपूर्ति माग्न उपभोक्ता कहाँ जाने? नागरिकलाई उपभोक्ता अदालतबारे सचेत गराउन सकिएको छैन भने सरकार आफैंले पनि क्षतिपूर्तिको माग गर्दै अदालत जाने परिपाटी बसाल्न सकेको छैन।

» बाँकी पृष्ठ २

वैदेशिक रोजगारीको भयावह चित्र

अघिल्लो वर्षको तुलनामा दोब्बर बिदेसिए

किरण अधिकारी | *काठमाडौं*

सरकारले विदेशमा रहेका नेपालीलाई स्वदेश फर्काउने दाबी गरिरहेका बेला चालु आर्थिक वर्षको पहिलो महिनामै ७० हजारभन्दा बढी नेपाली वैदेशिक रोजगारीका लागि बाहिरिएका छन्। वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको तथ्यांकअनुसार साउन महिनामा मात्रै कुल ७० हजार ४ सय ४१ जनाले श्रम स्वीकृति लिएका हुन्। अघिल्लो वर्षको साउनमा ४४ हजार ४ सय ६६ जनाले श्रम स्वीकृति लिएका थिए, जुन तुलनामा यस वर्षको सोही अवधिमा २५ हजार ९ सय ७५ जना बढी हो।

विभागको तथ्यांकअनुसार वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेमा पुरुषको तुलनामा महिलाको संख्या निकै कम छ। साउनमा कुल श्रम स्वीकृति लिनेमध्ये पुरुषको संख्या ६० हजार ४ सय ७२ अर्थात् ८५.८ प्रतिशत र महिलाको संख्या ९ हजार ९ सय ६९ अर्थात् १४.२ प्रतिशत रहेको छ। यद्यपि अघिल्लो वर्षको साउनको तुलनामा यस वर्ष पुरुषको संख्या २२ हजार ७१ र महिलाको संख्या ३ हजार ९ सय ४ ले बढेको छ।

अघिल्लो आर्थिक वर्ष जस्तै यस वर्ष पनि नेपाली कामदारको पहिलो रोजाइ संयुक्त अरब इमिरेट्स (यूएई) बनेको छ। साउनमा यूएईका लागि १८ हजार ७ सय ८४ जनाले श्रम स्वीकृति लिएका छन्, जुन गत वर्षको सोही महिनाको १७ हजार ७ सय ७९ को तुलनामा १ हजार ५ जनाले बढी हो।

» बाँकी पृष्ठ ५

डोजरले भत्काएको बास, निराशाले खोसेको सास

मृतकको नाम	उमेर	स्थान / बस्ती
चम्बरबहादुर नेपाली	५० वर्ष	शान्तिनगर-गैरीगाउँ (हाल टीकाथली)
हिरालाल हजारा पासवान	५७ वर्ष	थापाथली (हाल बोडे होल्डिङ सेन्टर)
रविन तामाङ	१८ वर्ष	सुकुम्बासी बस्ती
इन्द्रबहादुर राई	६१ वर्ष	सुकुम्बासी बस्ती (बल्खु)
कमला बलम्पाकी	५० वर्ष	शान्तिनगर
उज्ज्वल तामाङ	१८ महिना	सुकुम्बासी बस्ती
कर्णबहादुर श्रेष्ठ	६८ वर्ष	शंखमूल
भेषराज दर्जी	३६ वर्ष	गैरीगाउँ (हाल होल्डिङ सेन्टर)
पार्वती विक	६६ वर्ष	मनोहरा
सुशीला थापामगर (हिरा पुन)	३० वर्ष	कोहलपुर, बाँके
रतनदेवी मलाहानी	७५ वर्ष	सप्तरी

शिवप्रसाद ढुंगाना | *काठमाडौं*

काठमाडौंका नदीकिनार र सार्वजनिक जमिनमा वर्षौंदेखि बस्दै आएका सुकुम्बासी बस्तीमा ४ महिनाअघि डोजर पसेपछि टिनका छाप्रामात्रै भत्किएनन्, धेरै परिवारको रोजगारी, सामाजिक सम्बन्ध र भविष्यको आधार पनि भत्कियो। त्यसयता बस्तीबाट विस्थापित भएका नागरिकको मृत्युका घटना सार्वजनिक भइरहेका छन्।

सबैभन्दा पछिल्लो घटना शान्तिनगर-गैरीगाउँको हो। बस्तीमा डोजर चलेपछि ललितपुरको टीकाथलीमा डेरा गरी बस्दै आएका करिब ५० वर्षीय चम्बरबहादुर नेपालीले बुधबार आत्महत्या गरेका छन्। परिवारसहित ५ हजार रुपैयाँ भाडाको साँघुरो कोठामा बस्दै आएका उनी रोजगारी र भविष्यको चिन्तामा रहेको सुकुम्बासी अगुवाहरूले बताएका छन्। यो घटनासँगै विस्थापनपछि आत्महत्या गरेका र सोही कारण ज्यान गुमाएका घटनाको संख्या थपिएको छ।

सरकारले सत्ता र शक्तिको दुरुपयोग गरेर गरिब सुकुम्बासी भूमिहीनको बासस्थान वैकल्पिक आवासको उचित व्यवस्थापन नगरी विस्थापित गर्दा सुकुम्बासीले आत्महत्या गर्ने क्रम बढेको संयुक्त सुकुम्बासी राष्ट्रिय मोर्चाका महासचिव अर्जुन कुँवरले बताए।

यसअघि २८ साउनमा भक्तपुरको बोडेस्थित होल्डिङ सेन्टरमा ५७ वर्षीय हिरालाल हजारा पासवान झुन्डिएको अवस्थामा मृत भेटिएका थिए। भक्तपुर प्रहरीले उनको शव झुन्डिएको अवस्थामा भेटिएको पुष्टि गरेको थियो। थापाथलीबाट हटाइएपछि उनी परिवारसहित पहिले कीर्तिपुर र त्यसपछि बोडे होल्डिङ सेन्टरमा पुगेका थिए। आफन्तका अनुसार बस्ती भत्किएपछि उनी तनावमा थिए। त्यसअघि १० वैशाखमा १८ वर्षीय रविन तामाङ शौचालयमा झुन्डिएको अवस्थामा मृत भेटिएका थिए। उनको परिवारले बस्ती खाली गर्न सरकारले दिएको छोटो समय र त्यसपछि कहाँ जाने, कसरी जीविका चलाउने भन्ने चिन्ताले रविन मानसिक रूपमा पिरोलिएको बताएको थियो।

१८ वैशाखमा बल्खुस्थित बागमती नदीमा ६१ वर्षीय इन्द्रबहादुर राईको शव भेटियो। परिवारका अनुसार बस्तीमा डोजर चलेको दिन बिहान उनी 'घर भत्काएको हेर्न सक्दिनँ' भन्दै निस्किएका थिए। प्रहरीले शव पोस्टमार्टम गरेर मृत्युको कारण अनुसन्धान गरिरहेको जनाएको छ।

» बाँकी पृष्ठ ५

Sampurna.
Trusted for generations,
Now, in your hands.
सम्पूर्ण डाउनलोड गर्न QR स्क्यान गर्नुहोस्
The journalism you know, with more ways to stay connected.